# जिन पियाजे र नोम चम्स्कीका भाषिक सिद्धान्तको तुलना

**उपप्राध्यापक, वीरेन्द्रकुमार बुढा**, orcid.org/0009-0005-2460-9763, Email: birendrabudha37@gmail.com
(द्रोणाचल बहुमुखी क्याम्पस, दुल्लु, दैलेख)

**ARTICLE INFO**

*Received : 13 Jun. 2025*
*Revised : 03 Aug. 2025*
*Accepted : 20 Aug. 2025*

***लेखसार***

*प्रस्तुत लेखमा जिन पियाजे र नोम चम्स्कीका भाषिक सिद्धान्तको तुलनात्मक अध्ययन गरिएको छ। यस लेखको मुख्य उद्देश्य बालबालिकाको भाषा विकासप्रति दुई प्रमुख चिन्तक स्वीस मनोविज्ञानी जिन पियाजे र अमेरिकी भाषावैज्ञानिक नोम चम्स्कीको दृष्टिकोणको तुलनात्मक अध्ययन गर्नु हो। पियाजेले भाषा विकासलाई संज्ञानात्मक विकाससँग जोडेर प्राकृतिक तथा चरणगत प्रक्रिया मानेका छन्, जबकि चम्स्कीले मानिसमा हुने जन्मजात सार्वभौम व्याकरणको अवधारणा प्रस्तुत गर्दै भाषा क्षमता जन्मसिद्ध हुने तर्क गरेका छन्। यी दुई सिद्धान्तले भाषा सिकाइका सन्दर्भमा परस्पर पूरक र विरोधाभासी पक्षहरू बोकेको पाइन्छ। यस अध्ययनमा तुलनात्मक विधि अपनाइएको छ। प्राथमिक रूपमा दुवै चिन्तकका मौलिक कृतिहरू, द्वितीय स्रोतहरू र समीक्षात्मक लेखहरूको अध्ययनमार्फत सैद्धान्तिक पक्षको विश्लेषण गरिएको छ। तुलनात्मक दृष्टिले दुवैको सिद्धान्तमा भाषा विकासका उत्पत्ति, प्रक्रियागत संरचना, वातावरणीय प्रभाव र जैविक पक्षको भूमिकाको तुलना गरिएको छ। पियाजेले भाषा विकासलाई संज्ञानात्मक परिपक्वताको प्रतिफल मानेका छन् भने चम्स्कीले बालबालिकामा भाषा सिक्ने भाषिक यन्त्र जन्मजात हुने दाबी गरेका छन्। पियाजे प्रयोगात्मक अध्ययनमा आधारित छन् भने चम्स्की तर्कात्मक र भाषिक संरचनामा आधारित छन्। पियाजेले सामाजिक परिपक्वता र संवादको भूमिकालाई जोड दिएका छन् भने चम्स्कीको दृष्टिकोणमा मानसिक संरचना र व्याकरणीय नियमको उच्च प्राथमिकता देखिन्छ। यी दुई सिद्धान्तले भाषा विकासलाई बुझ्न फरक ढङ्गले योगदान दिएका छन्। पियाजे व्यवहारवादी र संज्ञानात्मक दृष्टिकोणका प्रतिनिधि हुन् भने चम्स्की जैविक(मानसिक दृष्टिकोणका पक्षपाती देखिन्छन्। दुवैको दृष्टिकोण मिलाएर हेर्दा भाषा विकासको समग्र बोध सम्भव हुन्छ। शैक्षिक भूमिकाका हिसाबले यी सिद्धान्तहरूले बालबालिकाको भाषा सिकाइको प्रक्रियालाई बुझ्न, पाठ्यक्रम निर्माण गर्न र उपयुक्त शिक्षण विधि अपनाउन मार्गदर्शन दिन्छन्। नेपाल जस्तो बहुभाषिक मुलुकमा यी सिद्धान्तहरू विशेष रूपमा उपयोगी हुन सक्छन्, जहाँ बालबालिकाको भाषा विकासमा घरायसी भाषा, विद्यालयको भाषा र सामाजिक सन्दर्भले गहिरो असर पारेको हुन्छ। नेपाली शिक्षामा मातृभाषा र दोस्रो भाषा शिक्षणको सन्दर्भमा यी सिद्धान्तहरूको समायोजन अत्यन्त सान्दर्भिक देखिन्छ।*

***शब्दकुञ्जी***: *तुलनात्मक अध्ययन, भाषा प्राप्ति, मनोवादी, व्यवहारवादी, संयन्त्र।*

## परिचय

भाषा विकास मानव जीवनको एक अत्यन्त जटिल र बहुआयामिक प्रक्रिया हो जसले मानव सञ्चार, सामाजिक अन्तरक्रिया र बौद्धिक विकासमा गहिरो प्रभाव पार्दछ। भाषाको उत्पत्ति, विकास र सिकाइ सम्बन्धी अध्ययनले

विभिन्न समयमा विभिन्न दृष्टिकोण र सिद्धान्तहरू जन्माएका छन् । भाषा विकासका अध्ययनहरूलाई विशेषगरी दुई मुख्य शैक्षिक परिप्रेक्ष्यले निर्देशित गरेका छन् । एक जन्मजात भाषा क्षमतामा विश्वास गर्ने दृष्टिकोण रहेको छ भने अर्को भाषा सिकाइलाई पर्यावरणीय तथा संज्ञानात्मक प्रक्रियासँग जोड्ने दृष्टिकोण रहेको छ । नोम चम्स्की र जिन पियाजे यी दुई दृष्टिकोणका प्रमुख प्रवक्ता हुन् जसका सिद्धान्तहरूले भाषाविज्ञान र मनोविज्ञान क्षेत्रमा महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ ।

जिन पियाजे (सन् १८९६-१९८०) स्विट्जरल्यान्डका एक प्रमुख विकास मनोवैज्ञानिक र शिक्षाशास्त्री हुन् । उनको संज्ञानात्मक विकास सिद्धान्तले भाषालाई बालबालिकाको बौद्धिक र मानसिक विकास प्रक्रियासँग जोडेर हेर्छ । पियाजेले बालबालिकाले आफू वरपरको वातावरणसँग अन्तरक्रियाबाट विभिन्न संज्ञानात्मक संरचना विकास गर्दै भाषा सिक्ने तर्क राखेका छन् (पियाजे, सन् १९५४, पृ. १२३) । उनका अनुसार भाषा सिकाइ मात्र एक निष्क्रिय प्रक्रिया नभई सक्रिय संज्ञानात्मक क्रियाकलापको परिणाम हो, जसमा बालकले आफूले प्राप्त गरेको अनुभवलाई समाहित गर्दै अर्थ र नियम सिक्छ । नोम चम्स्कीले 'सार्वभौमिक व्याकरण' सिद्धान्त प्रस्तुत गरेपछि उनको भाषासम्बन्धी चिन्तन सन् १९५०-६० को दशकमा व्यापक चर्चित भयो (चम्स्की, सन् १९६५, पृ. १५) । चम्स्कीले भाषा मानव मस्तिष्कमा जन्मजात रहेको क्षमता भएको दाबी गरे, जसले भाषाको संरचनात्मक नियमहरू सबै मानव जातिमा समान हुने तर्क राख्दछ । उनको अवधारणा अनुसार मानिसको मस्तिष्कमा भाषा प्राप्ति संयन्त्र नामक एक जैविक प्रणाली हुन्छ, जसले बालबालिकालाई न्यूनतम भाषिक ग्रहणबाट भाषा सिक्न सहायता गर्छ । तसर्थ भाषा सिकाइ बाह्य वातावरण वा सिकाइ प्रक्रियामा मात्रै निर्भर नभई आन्तरिक जैविक पूर्वाधारबाट सम्भव हुन्छ ।

नोम चम्स्की २०औँ शताब्दीका सबैभन्दा प्रभावशाली भाषाविद्, दार्शनिक र संज्ञानात्मक वैज्ञानिकहरू मध्ये एक हुन् । उनको जन्म सन् १९२८ मा अमेरिकाको फिलाडेल्फियामा भएको थियो। उनले भाषाविज्ञानमा पुऱ्याएको योगदानका कारण उनलाई आधुनिक भाषाविज्ञानको पिता पनि भनिन्छ । चम्स्कीले भाषा केवल सामाजिक संरचना वा व्यवहारजन्य परिणाम मात्र नभएर मानिसको मस्तिष्कमा जन्मजात रूपमा भएको एक संरचना हो भन्ने विचार अघि सारे (चम्स्की, सन् १९५७, पृ. ३) । उनले अमेरिकी व्यवहारवादी धारालाई चुनौती दिँदै भाषा विकासलाई एक जैविक, जन्मजात क्षमताको रूपमा व्याख्या गरे । यो दृष्टिकोणले भाषा विकासलाई मनोविज्ञान, स्नायुविज्ञान र संज्ञानात्मक विज्ञानसँग जोड्यो ।

चम्स्कीले भाषा सिकाइलाई जन्मजात जैविक पूर्वाधार मान्छन भने पियाजेले भाषा सिकाइलाई संज्ञानात्मक संरचनाको विकाससँग जोड्छन्, जसले शिक्षा र मनोविज्ञान क्षेत्रमा भाषा सिकाइको नयाँ अध्ययनका दिशाहरू खोल्दछ । होफले पियाजेको दृष्टिकोणलाई प्राथमिकता दिँदै, बालबालिकाको भाषिक विकासलाई तिनको संज्ञानात्मक र सामाजिक अनुभवसँग जोडेर विश्लेषण गरेका छन् । पियाजेको दृष्टिमा भाषा सिकाइ बालबालिकाको बौद्धिक विकास र सामाजिक अन्तरक्रियाको फल हो जसले विभिन्न मानसिक प्रक्रियाहरू विकास गर्दछ (होफ, सन् २००९, पृ. ३७) । भाषा विकाससम्बन्धी अध्ययनहरूमा चम्स्की र पियाजेको सिद्धान्तहरूको व्यापक चर्चा पाइन्छ । त्यस्तै लाइटबोन र स्पाडाले चम्स्कीको सार्वभौम व्याकरण सिद्धान्तलाई भाषा सिकाइमा जैविक पूर्वाधार र नियमहरूको जन्मजात संरचनाको रूपमा व्याख्या गरेका छन् । उनीहरूका अनुसार बालबालिकाले भाषा सिक्न आन्तरिक संरचना प्रयोग गर्छन्, जसले भाषाको विभिन्न भाषिक रूपहरूलाई सहजै आत्मसात गर्न मद्दत गर्छ (लाइटबोन र स्पाडा, सन् २०१३, पृ. २२) । टोमसेलो (सन् २००३) ले चम्स्कीको जन्मजात भाषिक क्षमता र

पियाजेको अनुभवमूलक भाषिक विकासबीचको अन्तरलाई स्पष्ट पारेका छन् र दुवै दृष्टिकोणको संयोजन आवश्यक ठानेका छन् । यसबाहेक, प्राकृतिक भाषा विकाससँग सम्बन्धित अध्ययनहरूले भाषाको जैविक र संज्ञानात्मक पक्षलाई समानुपातिक महत्व दिनुपर्ने सुझाव गरेका छन् (कुल, सन् २००४, पृ. २५) । पियाजेको सिद्धान्तले भाषा सिकाइमा फरक(फरक सांस्कृतिक तथा सामाजिक परिवेशको प्रभावलाई जोड दिएको पाइन्छ भने चम्स्कीको सिद्धान्तले भाषा संरचनाको स्थिरता र सार्वत्रिकता देखाउने प्रयास गरेको छ। यस अध्ययनको उद्देश्य जिन पियाजे र नोम चम्स्कीका भाषिक सिद्धान्तहरूको तुलनात्मक विश्लेषण गर्नु रहेको छ। यस अनुसन्धानले भाषा विकासका दुई प्रमुख दृष्टिकोणहरूलाई तुलनात्मक रूपमा बुझेर भाषिक सिकाइ र मानव संज्ञानको जटिल प्रकृति स्पष्ट पार्न सहयोग पुऱ्याउने अपेक्षा राखेको छ। यसले भाषा सिकाइमा नयाँ बहुआयामिक अनुसन्धानका दिशाहरू पनि खोल्ने विश्वास गरिएको छ।

## अध्ययन विधि

भाषा विकाससम्बन्धी जिन पियाजे र नोम चम्स्कीको सिद्धान्तहरूको तुलनात्मक अध्ययन गर्न यस अनुसन्धानमा गुणात्मक अनुसन्धान विधि अपनाइएको छ। गुणात्मक अनुसन्धान विशेष गरी सामाजिक विज्ञान, भाषाविज्ञान र मनोविज्ञानका क्षेत्रमा जटिल, बहुआयामिक र सैद्धान्तिक विषयवस्तुहरू बुझ्न प्रयोग गरिन्छ (क्रेसवेल, सन् २०१४, पृ. १८६) । यसले परम्परागत तथ्याङ्क मात्र नभई सिद्धान्तहरूको गहिरो अर्थ, अन्तरसम्बन्ध र सन्दर्भहरू विश्लेषण गर्न सक्षम बनाउँछ। यस अध्ययनले गुणात्मक सैद्धान्तिक तुलनात्मक अनुसन्धान ढाँचा अपनाएको छ। गुणात्मक अनुसन्धानमा विषयको गहिरो समझदारी प्राप्त गर्न प्राथमिकता दिइन्छ, जुन यस अध्ययनका लागि उपयुक्त छ किनभने पियाजे र चम्स्कीको भाषा विकास सम्बन्धी सिद्धान्तहरू दुवै सैद्धान्तिक तथा जटिल प्रकृतिका छन् । यस अनुसन्धानका लागि प्रयोग गरिएका तथ्यहरू द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ। मुख्य स्रोतहरूमा नोम चम्स्की र जिन पियाजेका मूल कृतिहरू रहेका छन् । द्वितीयक स्रोतहरूमा समकालीन भाषाविज्ञान र मनोविज्ञानका पुस्तकहरू, अनुसन्धान लेखहरू, समीक्षा र शैक्षिक प्रकाशनहरू प्रयोग गरिएका छन्, जसले दुबै सिद्धान्तको आधुनिक सन्दर्भ र प्रयोगात्मक पक्षलाई उजागर गर्छन् । यी स्रोतहरू डिजिटल डेटाबेसहरू जस्तै गुगल स्कलर, रिसर्चगेट आदिबाट सङ्कलन गरिएका छन् । तथ्यको व्याख्या विश्लेषणका लागि सङ्कलित तथ्यलाई अध्ययन गरी त्यसका मुख्य थिम र सिद्धान्तहरूलाई छुट्याई तुलना गरिएको छ। यसका लागि 'थिम्याटिक एनालिसिस' विधि प्रयोग गरिएको छ, जसले स्रोतमा रहेको प्रमुख अवधारणाहरूको पहिचान र वर्गीकरण गर्न मद्दत गर्छ (ब्राउन र क्लर्क, सन् २००६, पृ. ७९) । यसरी प्रस्तुत अनुसन्धानमा यी दुई सिद्धान्तबिचको मुख्य अन्तर, समानता र पूरक पक्षलाई विश्लेषण गरी व्याख्या गरिएको छ।

### सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार तुलनात्मक विधिलाई बनाइएको छ। तुलनात्मक अनुसन्धानले दुई वा बढी विषयवस्तुबिच समानता, भिन्नता र सम्बन्धलाई उजागर गर्छ (न्युमन, सन् २०१४, पृ. ११५) । यसले भाषासम्बन्धी दुई प्रमुख सैद्धान्तिक दृष्टिकोणहरूलाई एकसाथ राखेर, तिनका मूलभूत आधारहरू र प्रभावका पक्षहरूलाई व्याख्या गर्न सजिलो बनाउँछ। विश्लेषण गर्दा निम्न आधारहरूलाई विशेष महत्त्व दिइएको छ। जन्मजात भाषा क्षमताः चम्स्कीको जन्मजातता र पियाजेको अनुभववादी दृष्टिकोणको तुलनात्मक अध्ययन, भाषा सिकाइको प्रकृतिः भाषा सिकाइ प्रक्रिया कस्तो हुन्छ ? स्वचालित र जैविक कि अनुभूतिप्रधान र संज्ञानात्मक ?, मस्तिष्क र भाषा सम्बन्धः भाषा विकासमा मस्तिष्कीय पूर्वाधारको भूमिका र संज्ञानात्मक संरचनाको विकास, शैक्षिक र व्यवहारिक प्रभावः यी

सिद्धान्तहरूको भाषाशिक्षा, मनोविज्ञान र भाषाविज्ञानमा प्रयोग आदि। यस अनुसन्धानमा मुख्य रूपले तुलनात्मक विधि प्रयोग गरिएको छ। यस विधिले स्रोत सामग्रीमा भएका प्रमुख शब्द, विचार र सिद्धान्तहरूलाई सङ्कलन गरी तिनीहरू बिचको सम्बन्ध र अन्तरलाई विश्लेषण गर्छ (क्रिपेन्डूफ, सन् २०१८, पृ. २४)। विशेषतः ग्रन्थहरू र शैक्षिक लेखहरूको शब्दार्थ, अवधारणा र तर्कहरूको सूक्ष्म अध्ययन गरी, चम्स्की र पियाजेको सिद्धान्तहरूलाई तालिका र श्रेणीकरण मार्फत तुलना गरिएको छ।

## विमर्श र परिणाम

जिन पियाजेले बालबालिकाको संज्ञानात्मक विकासमा क्रान्तिकारी योगदान पुऱ्याएका छन्। उनको कामले बालबालिकाको सोच, तर्क र भाषा विकाससम्बन्धी परम्परागत दृष्टिकोणलाई चुनौती दियो र यस क्षेत्रको अध्ययनलाई गहिराइ प्रदान गऱ्यो (पियाजे, सन् १९५४, पृ. ३)। उनले बालबालिकालाई शून्यबाट ज्ञान सिक्ने निष्क्रिय पात्र नभई, सक्रिय खोजकर्ता र अनुभवबाट सिक्ने सृजनशील प्राणीको रूपमा परिभाषित गरे। उनको अनुसन्धानले विकासमनोविज्ञान र शिक्षाशास्त्रमा दीर्घकालीन प्रभाव पाऱ्यो। उनले बालबालिकाको मस्तिष्क विकास र तिनको अनुभवात्मक अन्तरक्रियाले कसरी भाषा र सोचलाई आकार दिन्छ भन्ने विषयमा गहिरो अध्ययन गरे। उनको विचारमा भाषा विकास स्वतन्त्र र अलग प्रक्रिया नभई संज्ञानात्मक विकाससँग अन्तरसम्बन्धित प्रक्रिया हो भन्ने देखिन्छ। बालबालिकाले उनीहरूको वातावरणबाट प्राप्त अनुभव, संज्ञानात्मक संरचना र मस्तिष्कीय प्रक्रियाको आधारमा भाषा सिक्छन् र प्रयोग गर्छन्। पियाजेको भाषा विकास सिद्धान्त २०औं शताब्दीको मध्य भागमा विकास भएको थियो, जसले परम्परागत भाषावैज्ञानिक र व्यवहारवादी दृष्टिकोणहरूलाई चुनौती दिएको थियो। त्यसबेला भाषा विकासका सिद्धान्तहरू मुख्यतः दुई प्रवृत्तिमा केन्द्रित थिएः एक व्यवहारवादी सिद्धान्त जसले भाषा सिकाइलाई वातावरणीय सशक्तीकरण र अनुकरणमार्फत बुझ्थ्यो (स्किनर, सन् १९५७, पृ. ५७) स दोस्रो भाषावैज्ञानिक दृष्टिकोण जसले भाषा संरचनालाई स्वतन्त्र सैद्धान्तिक संरचना मानेको थियो। पियाजेको सिद्धान्त यी दुई धाराहरूको बिचमा एक मध्यमार्गको रूपमा उभियो। पियाजेले भाषा विकासलाई पूर्ण रूपमा वातावरणीय प्रभाव वा जन्मजात पूर्वनिर्धारित संरचना होइन, बरु बालबालिकाको सक्रिय संज्ञानात्मक विकास र अनुभवको अन्तरक्रियाबाट उत्पन्न प्रक्रिया माने। उनका मनोवैज्ञानिक र शैक्षिक अध्ययनहरूले बालबालिकाले भाषा सिक्दा केवल शब्द र वाक्यांशहरू याद गर्ने मात्र होइनन्, तिनीहरूले संसारलाई बुझ्ने तरिका, तर्क गर्ने शैली र संज्ञानात्मक संरचना निर्माण गर्छन् जसले भाषा प्रयोगमा सहजीकरण गर्छ भन्ने कुरा देखाए (पियाजे, सन् १९५४, पृ. २३)। पियाजेको भाषा विकास सिद्धान्तले बालबालिकाको संज्ञानात्मक विकासलाई चार चरणहरूमा वर्गीकृत गरेको छ, जुन उनीहरूको भाषा र सोचको विकाससँग निकट रूपमा सम्बन्धित छन्। यी चरणहरूलाई उनले मनोक्रियात्मक अवस्था, पूर्वक्रियात्मक अवस्था, ठोसक्रियात्मक अवस्था औपचारिक क्रियात्मक अवस्थामा विभाजन गरेका छन्।

### पियाजेको भाषिक सिद्धान्त

पियाजेको दृष्टिकोणमा भाषा विकास स्वतन्त्र र पृथक प्रक्रिया नभई संज्ञानात्मक विकासको अभिन्न अङ्ग हो। बालबालिकाले जब संसारलाई बुझ्न थाल्छन् तब उनीहरूको संज्ञानात्मक संरचनामा परिवर्तन आउँछ र त्यसैअनुसार भाषा विकास हुन्छ। उनीहरूले भाषा सिक्ने बेला मात्र भाषा सिक्दैनन्, बरु सोच्ने तरिका र अनुभवको व्यवस्थापन पनि गर्छन् (पियाजे, सन् १९५४, पृ. ११०)। यस सिद्धान्तले भाषालाई सामाजिक सञ्चारको माध्यम मात्र नभएर सोचको प्रतिविम्बको रूपमा पनि हेर्छ। बालबालिका जसरी सोच परिवर्तन गर्छन्, त्यस्तैगरी भाषामा पनि

परिवर्तन आउँछ। पियाजेको सिद्धान्तका आधारभूत प्रक्रिया आत्मसात्करण र समायोजन हुन्। नयाँ अनुभव वा जानकारीलाई पहिलेदेखि रहेको संज्ञानात्मक संरचनामा समायोजन गर्ने प्रक्रिया आत्मसातकरण हो। उदाहरणका लागि, बालबालिकाले नयाँ शब्द वा वाक्यांशलाई उनीहरूको पुरानो अनुभवसँग मेल खान खोज्छन्। जब नयाँ अनुभवले पुराना संरचनालाई परिवर्तन गर्न बाध्य पार्छ त्यसलाई समायोजन भनिन्छ। यसले नयाँ संरचना निर्माण गर्ने वा पुरानो संरचनामा सुधार गर्ने काम गर्छ। यी दुई प्रक्रियाको निरन्तर अन्तरक्रियाले बालबालिकाको संज्ञानात्मक र भाषिक विकासलाई प्रोत्साहन गर्छ। भाषा सिकाइ र सोच विकास दुवै सक्रिय र अनवरत प्रक्रियामा हुन्छन् (पियाजे, सन् १९५४, पृ. ९८)। पियाजेले बालबालिकालाई सिकाइको सक्रिय पात्रको रूपमा प्रस्तुत गरे। उनीहरूले भाषा सिक्दा र प्रयोग गर्दा आफ्नै अनुभव र बुझाइलाई प्राथमिकता दिन्छन्। बालबालिकाले भाषा सिक्न र प्रयोग गर्नका लागि उनीहरूका सामाजिक, भौतिक र मानसिक अनुभवहरूलाई आधार बनाउँछन्। यसरी भाषा विकासलाई सक्रिय प्रक्रिया मान्दा शिक्षण विधि र बाल विकासका कार्यक्रमहरूमा बालबालिकाको अनुभव र संलग्नतालाई प्राथमिकता दिन सकिन्छ। पियाजेको सिद्धान्तले भाषा विकासलाई केवल मस्तिष्कीय विकासमा सीमित नराखी सामाजिक र सांस्कृतिक सन्दर्भसँग जोड्ने प्रयास गरेको छ। बालबालिकाले भाषा सिक्दा उनीहरूले सामाजिक सन्दर्भमा प्राप्त हुने सङ्केत, संस्कार र संवाद शैलीलाई पनि आत्मसात गर्छन्। यो पक्षले भाषा सिकाइमा वातावरणीय प्रभावलाई पनि महत्वपूर्ण ठहराउँछ र भाषा विकासको बहुआयामिक प्रकृतिलाई पुष्टि गर्छ।

पियाजेका अनुसार बालबालिकाको संज्ञानात्मक विकास चार मुख्य चरणमा विभाजन गरिन्छ। पहिलो चरणमा बच्चाहरूले संसारलाई शारीरिक संवेदना र चलायमान क्रियाकलापमार्फत बुझ्छन्। भाषा सिकाइ प्रारम्भिक रूपमा आवाज र सरल सङ्केतहरूबाट सुरु हुन्छ। बच्चाले "माम वा "पापा" जस्ता ध्वनिहरू उत्पादन गर्न थाल्छन् र ती ध्वनिहरूलाई आफ्ना चाहना र आवश्यकतासँग जोड्न सिक्छन्। यो चरण भाषा विकासको आधारशिला जस्तै हो जहाँ भाषा र संज्ञानात्मक प्रक्रियाले प्रारम्भिक स्वरूप लिन्छन् (पियाजे, सन् १९५४, पृ. ७०)। दोस्रो चरणमा बच्चाहरूले प्रतीकात्मक भाषा प्रयोग गर्न थाल्छन्। तिनीहरूले शब्द, वाक्यांश र सङ्केतहरूलाई वस्तु र विचारसँग जोड्न सक्छन्। तर तर्कसङ्गत सोच पूर्ण रूपमा विकास भएको हुँदैन। बालबालिका अझै आफ्नो दृष्टिकोणमा केन्द्रित हुन्छन् र अर्कोको दृष्टिकोण बुझ्न कठिनाई महसुस गर्छन्। भाषा विकासमा सृजनात्मकता र कल्पनाशीलता बढी हुन्छ। तेस्रो चरणमा बालबालिकामा तर्कसङ्गत र तार्किक सोचको विकास हुन्छ। बालबालिका वास्तविकता र घटनाहरूको सम्बन्ध बुझ्न थाल्छन्। भाषा प्रयोग अझ संरचित र स्पष्ट हुन्छ। यस चरणमा बच्चाहरूले बहुविध भाषिक संरचना र नियमहरू बुझ्न थाल्छन् र भाषा सिकाइमा गहिराइ आउँछ। चौथो चरणमा बालबालिकाले अमूर्त र सैद्धान्तिक सोच्न सक्षम हुन्छन्। उनीहरूले जटिल भाषिक संरचना र विचारहरू बुझ्छन्। भाषा विकास पूर्ण रूपमा परिपक्व हुन्छ र भाषा प्रयोगमा नवीनता आउँछ।

नेपाल जस्तो बहुभाषिक र सांस्कृतिक विविधता भएको देशमा बालबालिकाको भाषा विकास अध्ययन गर्दा पियाजेको सिद्धान्त अत्यन्त उपयोगी देखिन्छ। नेपालमा भाषा सिकाइ धेरैजसो सामाजिक अन्तरक्रियाबाट हुने हुँदा पियाजेको सक्रिय संज्ञानात्मक विकास र सामाजिक सन्दर्भसँग जोडिएको दृष्टिकोणले शैक्षिक नीति र पाठ्यक्रम विकासमा महत्वपूर्ण भूमिका खेलेको छ (श्रेष्ठ, सन् २०१९, पृ. ४५)। विशेषगरी ग्रामीण र शहरी क्षेत्रका बालबालिकाको भाषा सिकाइमा भिन्नता, बहुभाषिक परिवेशको प्रभाव र शिक्षण विधिहरूमा पियाजेको सिद्धान्तको प्रयोगले व्यावहारिक सुधार ल्याएको छ। शिक्षकहरूले बालबालिकाको संज्ञानात्मक विकास स्तरअनुसार भाषा

सिकाउने तरिका अपनाउन सक्ने भएका छन् । नेपालको शिक्षा प्रणालीमा बालबालिकाको भाषा विकासलाई बुझ्न र सुधार गर्न पियाजेको सिद्धान्तले वैज्ञानिक आधार प्रदान गर्ने देखिन्छ ।

**नोम चम्स्कीको भाषिक सिद्धान्त**

२०औं शताब्दीको मध्यतिर भाषा सिकाइको अध्ययनमा व्यवहारवाद हावी थियो । स्किनरजस्ता व्यवहारवादीहरूले भाषा विकासलाई वातारणीय सशक्तिकरणको परिणाम मानेका थिए (स्किनर, सन् १९५७, पृ. ९५) । स्किनरको पुस्तक 'शाब्दिक सिकाइ' मा प्रस्तुत विचारका आधारमा भाषा बालबालिकाले वातावरणीय सङ्केतहरू र पुरस्कार वा दण्डको माध्यमबाट सिक्ने विश्वास गरिएको थियो । नोम चम्स्कीले स्किनरको यस दृष्टिकोणको आलोचना गर्दै १९५९ मा एक प्रसिद्ध समालोचना लेखे जसमा उनले स्किनरको सिद्धान्तले भाषाको जटिलता र नवप्रयोग क्षमतालाई समेट्न नसक्ने बताएका थिए (चम्स्की, सन् १९५९, पृ. २६) । उनले मानव मस्तिष्कमा जन्मजात रूपमा रहेको भाषा ग्रहण गर्ने यन्त्रको अवधारणा अघि सारे । उनले अमेरिकी व्यवहारवादी धारलाई चुनौती दिँदै भाषा विकासलाई एक जैविक, जन्मजात क्षमताको रूपमा व्याख्या गरे । यो दृष्टिकोणले भाषा विकासलाई मनोविज्ञान, स्नायुविज्ञान र संज्ञानात्मक विज्ञानसँग जोड्यो । चम्स्कीले भाषा विकास कुनै खाली कागजबाट सुरु हुने प्रक्रिया नभई मानव मस्तिष्कमा जन्मजात रूपमा रहेको भाषा प्राप्ति संयन्त्र नामक संरचनाको माध्यमबाट हुने बताए । यो यन्त्रले भाषा सिकाइका लागि आवश्यक व्याकरणीय संरचना र नियमहरूको पूर्व तयारी गर्छ । बालबालिकाले निकै कम वातावरणीय प्रभावबाट समेत भाषा संरचना सिक्न सक्छन् भन्ने तर्क यसैमा आधारित छ (चम्स्की, सन् १९६५, पृ. ५८) । त्यस्तै चम्स्कीको सिद्धान्तअनुसार सबै मानव भाषामा साझा व्याकरणीय ढाँचा भएको सार्वभौम व्याकरण हुन्छ । यसले बालबालिकालाई कुनै पनि मानव भाषा सिक्न सहज बनाउँछ । यसको अवधारणाले मानव भाषाको व्याकरणीय संरचना र भाषिक नियमहरूको गहिरो तहमा आधारित साझा विशेषता प्रकट गर्छ (चम्स्की, सन् १९६५, पृ. ६५) । उनले दुई किसिमको भाषिक संरचनाको व्याख्या गरेः सतही संरचना र गहिरो संरचना । सतही संरचना भन्नाले कुनै वाक्यको बाहिरी रूपलाई जनाइन्छ भने गहिरो संरचना भन्नाले सो वाक्यको मर्म र अर्थको आधारभूत संरचनालाई जनाइन्छ । यी दुई संरचना रूपान्तरण नियममार्फत जोडिएका हुन्छन् (चम्स्की, सन् १९५७, पृ. ४५) । सन् १९९० दशकपछि चम्स्कीले आफ्नो विचारलाई थप सुदृढ पार्दै न्यूनतमवादी कार्यक्रम अघि सारे । उनले भाषिक संरचनाको अत्यधिक सरलीकरण र जैविकतामा जोड दिए । यसले सार्वभौमिक व्याकरणमा आधारित सिद्धान्तलाई अझ वैज्ञानिक रूपमा पुष्टि गर्न खोज्यो ।

चम्स्कीको सिद्धान्त अनुसार बालबालिकाको भाषा विकास पूर्वनिर्धारित ढाँचामा हुँदै जान्छ । यद्यपि उनले पियाजेझैं स्पष्ट चरणहरूको वर्गीकरण गरेका छैनन्, तापनि उनको भाषा विकासको धारणालाई निम्न चरणमा विभाजन गर्न सकिन्छ । पूर्व-भाषिक चरणः जन्मदेखि करिब १२ महिनासम्मको अवधि हो जसमा बालबालिका ध्वनि निकाल्छन् । एक शब्दीय चरणः करिब १२-१८ महिनामा बालबालिकाले एक शब्द प्रयोग गर्न थाल्छन् । दुई शब्दीय चरणः १८-२४ महिनामा दुई शब्दको संयोजन गर्न थाल्छन् । टेलिग्राफिक वाक्यः २ वर्षपछि, वाक्यहरू छोटा तर व्याकरणीय रूपले युक्त हुन्छन् । यी चरणहरू जन्मजात संरचनात्मक क्षमताले निर्देशित हुन्छन् भन्ने तर्क चम्स्कीले गरेका छन् ।

नेपालजस्तो बहुभाषिक समाजमा चम्स्कीको जन्मजात भाषा विकास सिद्धान्तले विशेष सान्दर्भिकता राख्दछ । नेपालमा बालबालिकाहरूले मातृभाषा बाहेक नेपाली, अङ्ग्रेजी लगायत अन्य भाषा पनि सिक्ने गरेको देखिन्छ । यस्तो बहुभाषिक परिवेशमा चम्स्कीको सार्वभौम व्याकरणको अवधारणाले भाषा विकासमा देखिने समानता र

विविधताको वैज्ञानिक आधार प्रदान गर्दछ (अधिकारी, सन् २०२०, पृ. ७४) । शिक्षा नीतिमा पनि यो सिद्धान्त उपयोगी ठहरिन्छ । यदि शिक्षकहरूले बालबालिकामा भाषा ग्रहण गर्ने जन्मजात क्षमता भएको स्वीकार गर्छन् भने भाषा सिकाइको प्रक्रिया वातावरणीय समर्थनमा आधारित भए तापनि शिक्षण रणनीति बालबालिकाको आन्तरिक संरचनासँग मेल खाने किसिमको हुनुपर्ने हुन्छ । उदाहरणका लागि नेपालको दुर्गम क्षेत्रका बालबालिकाहरूले विद्यालयमा नेपाली भाषा बोल्ने वातावरण नपाउँदा पनि केही समयमै नेपाली भाषाको व्याकरणिक संरचना आत्मसात गरेको पाइन्छ । यो प्रक्रियाले जन्मजात सार्वभौमिक व्याकरण सिद्धान्तको समर्थन गर्दछ (पौडेल, सन् २०२२, पृ. ९१) । चम्स्कीको सिद्धान्त अत्यन्त प्रभावशाली भए पनि यसले केही आलोचना पनि भोगेको छ । केही भाषाविद्हरू र आलोचकहरूले चम्स्कीले वातावरणीय तत्वको भूमिका अत्यन्त न्यून मानेकोमा आपत्ति जनाएका छन् । केही अनुसन्धानकर्ताहरूले सार्वभौम व्याकरणको अवधारणा पर्याप्त रूपमा प्रयोगशाला वा अनुभवजन्य परीक्षणबाट प्रमाणित नभएको बताएका छन् (टोमसेलो, सन् २००३, पृ. ३) । नोम चम्स्कीको भाषा विकास सम्बन्धी सिद्धान्तले भाषालाई जैविक र जन्मजात क्षमताको रूपमा व्याख्या गर्दै व्यवहारवादी दृष्टिकोणलाई चुनौती दिएको छ । उनको विचारले भाषाविज्ञान, मनोविज्ञान, शिक्षा र संज्ञानात्मक विज्ञानमा ठूलो प्रभाव पारेको छ । नेपालजस्तो बहुभाषिक समाजमा यसको प्रयोगशैली व्यावहारिक र सान्दर्भिक देखिन्छ । यो सिद्धान्तले भाषा सिकाइको संरचना बुझ्न वैज्ञानिक आधार तयार गर्दै शिक्षणको प्रक्रिया सुधार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

**पियाजे र चम्स्कीको भाषिक सिद्धान्तका समानता र असमानता**

भाषा विकास मानव संज्ञानात्मक विकासको एउटा केन्द्रीय पक्ष हो जसको अध्ययन विभिन्न मनोवैज्ञानिक, भाषावैज्ञानिक र शैक्षिक दृष्टिकोणबाट गरिएको छ । यस सन्दर्भमा पियाजे र चम्स्की दुई प्रमुख सिद्धान्तकार हुन्, जसले बालबालिकाको भाषा सिकाइका प्रक्रिया र आधारको सम्बन्धमा भिन्न दृष्टिकोण प्रस्तुत गरेका छन् । पियाजेले संज्ञानात्मक विकासको चरणहरूका माध्यमबाट भाषा विकासलाई व्याख्या गरेका छन् भने चम्स्कीले भाषा सिकाइलाई जन्मजात, जैविक प्रक्रिया मानेका छन् । यहाँ यी दुई विद्वानका भाषा विकाससम्बन्धी सिद्धान्तहरूको तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ ।

जिन पियाजेले बालबालिकाको संज्ञानात्मक विकास सम्बन्धी आफ्नो चरणगत सिद्धान्तमार्फत बालमनोविज्ञानमा क्रान्ति ल्याए । उनका अनुसार भाषा विकास संज्ञानात्मक संरचनाहरूको विकाससँग सम्बन्धित हुन्छ (पियाजे, सन् १९५९, पृ. ४५) । उनका विचारहरू १९२० र ३० को दशकमा व्यापक भए । पियाजेका अनुसार भाषा बालकले वातावरणसँगको अन्तरक्रियाबाट सिक्छ । नोम चम्स्की (सन् १९२८) ले व्यवहारवादको प्रभावशाली प्रभाव रहेको बेला मानव मस्तिष्कमा जन्मजात भाषिक संरचनाको अवधारणा प्रस्तुत गरे । उनले बि. एफ. स्किनरको व्यवहारवादी दृष्टिकोणको आलोचना गर्दै भाषा सिकाइलाई जैविक, पूर्वनिर्धारित संरचनात्मक प्रक्रिया माने (चम्स्की, सन् १९५९, पृ. २७)। यिनीहरूका सिद्धान्तहरूका समानता र भिन्नतालाई तालिकामा यसप्रकार देखाउन सकिन्छः

**तालिका १**

पियाजे र चम्स्कीको भाषिक सिद्धान्त

| पक्ष | जिन पियाजे | नोम चम्स्की |
|---|---|---|
| भाषा सिकाइको स्रोत | वातावरणसँगको अन्तरक्रिया | जन्मजात संरचना |

| | | |
|---|---|---|
| सिद्धान्तको आधार | संज्ञानात्मक विकासको चरणहरू | सार्वभौम व्याकरण |
| अध्ययनको स्वरूप | प्रायोगिक अनुसन्धान र अवलोकन | सैद्धान्तिक विश्लेषण |
| पर्यावरणको भूमिका | अत्यधिक महत्वपूर्ण | सीमित भूमिका |
| समयावधि | चरणगत, संज्ञानको विकाससँग मिलेर | निश्चित उमेरमा सक्रिय हुने भाषा ग्रहण यन्त्र |
| शिक्षामा प्रभाव | व्यावहारिक, कक्षा शिक्षामा प्रयोग योग्य | भाषाशास्त्र र मनोभाषाशास्त्रमा महत्वपूर्ण योगदान |
| सामाजिक अन्तरक्रियाको भूमिका | अत्यावश्यक | गौण |
| भाषिक त्रुटिको भूमिका | संज्ञानात्मक कमजोरी वा अपरिपक्वता दर्शाउने | प्रणालीगत, भाषाको नियम सिक्ने प्रक्रियाको अङ्ग |
| व्याकरण सिकाइ | अनुभव र अभ्यासबाट | जन्मजात नियमको प्रयोगद्वारा स्वतः हुने |

पियाजेका अनुसार भाषा विकासको लागि संज्ञानात्मक परिपक्वता आवश्यक छ (पियाजे, सन् १९७०, पृ. ११०)। चम्स्की भने संज्ञानात्मक संरचना भन्दा भिन्न रूपमा भाषिक संरचना जन्मजात मस्तिष्कमा रहेको दाबी गर्छन् (चम्स्की, सन् १९८०, पृ. १२)। पियाजेले सामाजिक अन्तरक्रियालाई भाषा सिकाइको महत्वपूर्ण पक्ष मानेका छन्। उनका अनुसार बालकले अन्यसँगको सञ्चारद्वारा भाषा सिक्ने गर्छ। चम्स्कीले भने समाजको भूमिका गौण मानेका छन्। पियाजेको दृष्टिकोण शिक्षा क्षेत्रमा बढी व्यावहारिक मानिन्छ किनभने यसले विद्यार्थीको संज्ञानात्मक स्तरअनुसार शिक्षा दिनुपर्छ भन्ने सुझाउँछ। चम्स्कीको दृष्टिकोण शुद्ध भाषाविज्ञान र मस्तिष्क विकाससँग सम्बन्धित देखिन्छ।

नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक विविधता भएको देशमा पियाजे र चम्स्की दुबैका सिद्धान्त सान्दर्भिक देखिन्छन्। ग्रामीण र सहरका बालबालिकाको भाषा सिकाइमा वातावरणीय अन्तरलाई ध्यानमा राख्दा पियाजेको सिद्धान्त व्यावहारिक देखिन्छ। उदाहरणका लागि थारु वा गुरुङ समुदायका बालबालिकाले मातृभाषा प्रयोग गर्ने वातावरणमा भाषा विकास गर्छन्। विद्यालय पुगेपछि उनीहरूलाई नेपाली वा अङ्ग्रेजी सिक्न पियाजेको सामाजिक अन्तरक्रिया आवश्यक पर्छ (अधिकारी, सन् २०२०, पृ. ७३)। तर एउटै उमेरका बालबालिकाले सीमित अवसर पाए पनि व्याकरण र वाक्य संरचना आत्मसात गर्न सक्ने क्षमता देखाउँछन्। यस्तो क्षमताले चम्स्कीको भाषा प्राप्ति संयन्त्रको अवधारणालाई समर्थन गर्दछ (पौडेल, सन् २०२२, पृ. ८९)। शिक्षण रणनीति तय गर्दा यी दुबै दृष्टिकोण मिलाएर लैजानु उपयोगी हुन्छ। शिक्षकले वातावरण निर्माण गरेर संज्ञानात्मक स्तरअनुसार भाषा सिकाउने विधि अपनाउनुपर्छ। साथै जन्मजात संरचना र बालबालिकाको भाषा ग्रहण गर्ने स्वाभाविक क्षमतालाई ध्यानमा राख्नु पर्दछ।

जिन पियाजे र नोम चम्स्की दुवैले भाषा विकासको अध्ययनमा महत्वपूर्ण योगदान दिएका छन्। पियाजेले संज्ञानात्मक विकासको चरणमार्फत भाषा सिकाइको प्रक्रिया स्पष्ट पारे भने चम्स्कीले भाषालाई जैविक क्षमता मानेर सार्वभौम व्याकरणको अवधारणा प्रस्तुत गरे। यी दुबै दृष्टिकोणले मानव भाषा विकासलाई फरक कोणबाट बुझ्ने प्रयास गरेका छन्। नेपालजस्ता बहुभाषिक समाजमा यी सिद्धान्तहरू व्यावहारिक रूपमा उपयोगी देखिन्छन्। शिक्षण

विधि तय गर्दा वातावरणीय अन्तरक्रिया र जन्मजात भाषिक क्षमताको मिलन आवश्यक देखिन्छ। पियाजेको सामाजिक-संज्ञानात्मक दृष्टिकोणले भाषा सिकाइको आधार तयार गर्छ भने चम्स्कीको सिद्धान्तले भाषाको संरचना बुझ्न सहयोग पुऱ्याउँछ। भाषा विकाससम्बन्धी अध्ययनमा जिन पियाजे र नोम चम्स्कीका सिद्धान्तहरू दुई प्रमुख दृष्टिकोणको प्रतिनिधित्व गर्छन्। पियाजेले संज्ञानात्मक विकासको चरणहरूमार्फत भाषा सिकाइलाई व्याख्या गरेका छन्, जसमा बालबालिकाले वातावरणसँगको अन्तरक्रिया र अनुभवबाट भाषा सिक्ने प्रक्रिया समावेश छ। उनले चार चरणहरूः मनोक्रियात्मक अवस्था, पूर्वक्रियात्मक अवस्था, ठोस क्रियात्मक अवस्था र औपचारिक क्रियात्मक अवस्थामार्फत बालबालिकाको संज्ञानात्मक विकासलाई वर्णन गरेका छन् (पियाजे, सन् १९५२, पृ. ५२)। यस दृष्टिकोणले बालबालिकाको सक्रिय सहभागिता र सामाजिक अन्तरक्रियालाई महत्व दिन्छ। त्यसैगरी नोम चम्स्कीले भाषा सिकाइलाई जन्मजात क्षमताको रूपमा व्याख्या गरेका छन्। उनले भाषा प्राप्ति संयन्त्रको अवधारणा प्रस्तुत गर्दै, बालबालिकामा भाषा सिक्ने पूर्वनिर्धारित संरचना रहेको दाबी गरेका छन् (चम्स्की, सन् १९६५, पृ. ६७)। चम्स्कीको सार्वभौम व्याकरण सिद्धान्त अनुसार, सबै मानव भाषाहरूमा केही साझा व्याकरणिक संरचनाहरू हुन्छन्, जसले बालबालिकालाई सीमित अवसरबाट पनि भाषा सिक्न सक्षम बनाउँछ। उनले बालबालिकाले प्राप्त गर्ने भाषिक अवसर अपर्याप्त भए तापनि, उनीहरू व्याकरणिक नियमहरू सिक्न सक्षम हुने दाबी गरेका छन् (चम्स्की, सन् १९८६, पृ. ८६)। पियाजे र चम्स्की दुवैले बालबालिकाको भाषा विकासमा आन्तरिक प्रक्रियाको महत्वलाई स्वीकार गर्छन्। तर पियाजेले सामाजिक अन्तरक्रिया र अनुभवलाई प्राथमिकता दिन्छन् भने चम्स्कीले जन्मजात संरचनालाई महत्व दिन्छन्। पियाजेको सिद्धान्तले भाषा विकासलाई संज्ञानात्मक विकासको परिणाम मान्छ भने चम्स्कीको सिद्धान्तले भाषा विकासलाई जैविक पूर्वनिर्धारित प्रक्रिया मान्छ।

## निष्कर्ष

भाषा विकाससम्बन्धी अध्ययनमा जिन पियाजे र नोम चम्स्कीका सिद्धान्तहरू दुई प्रमुख दृष्टिकोण हुन्। पियाजेले भाषा सिकाइलाई संज्ञानात्मक विकासका चरणहरू र सामाजिक अन्तरक्रियाको परिणाम मानेका छन्।। उनले बालबालिकाको अनुभव र सक्रिय सहभागितालाई महत्व दिएका छन्। अर्कोतर्फ, चम्स्कीले भाषा सिकाइ जन्मजात क्षमताको परिणाम भएको दाबी गर्दै भाषा प्राप्ति संयन्त्र र सार्वभौम व्याकरणको अवधारणा प्रस्तुत गरेका छन्। पियाजे र चम्स्की दुवैले बालबालिकाको भाषा विकासमा आन्तरिक प्रक्रियाको महत्वलाई स्वीकार गर्छन्। तर पियाजेले सामाजिक अन्तरक्रिया र अनुभवलाई प्राथमिकता दिन्छन् भने चम्स्कीले जन्मजात संरचनालाई महत्व दिन्छन्। पियाजेको सिद्धान्तले भाषा विकासलाई संज्ञानात्मक विकासको परिणाम मान्छ भने चम्स्कीको सिद्धान्तले भाषा विकासलाई जैविक पूर्वनिर्धारित प्रक्रिया मान्छ। नेपाली सन्दर्भमा हेर्दा बहुभाषिकता र विविध सांस्कृतिक पृष्ठभूमिका कारण पियाजे र चम्स्की दुवैका सिद्धान्तहरू सान्दर्भिक छन्। ग्रामीण क्षेत्रका बालबालिकाले मातृभाषा प्रयोग गर्ने वातावरणमा भाषा विकास गर्छन्, जसले पियाजेको सामाजिक अन्तरक्रिया सिद्धान्तलाई समर्थन गर्छ। तर एउटै उमेरका बालबालिकाले सीमित अवसर पाए पनि व्याकरण र वाक्य संरचना आत्मसात गर्न सक्ने क्षमता देखाउँछन्, जसले चम्स्कीको भाषा प्राप्ति संयन्त्रको अवधारणालाई समर्थन गर्छ। शिक्षण रणनीति तय गर्दा यी दुई दृष्टिकोणको समन्वय आवश्यक देखिन्छ। शिक्षकले वातावरण निर्माण गरेर संज्ञानात्मक स्तरअनुसार भाषा सिकाउने विधि अपनाउनुपर्छ। साथै जन्मजात संरचना र बालबालिकाको भाषा ग्रहण गर्ने स्वाभाविक क्षमतालाई ध्यानमा राख्नु पर्दछ। पियाजेको सामाजिक-संज्ञानात्मक दृष्टिकोणले भाषा सिकाइको आधार तयार गर्छ भने चम्स्कीको सिद्धान्तले भाषाको संरचना बुझ्न सहयोग पुऱ्याउँछ।

## सन्दर्भसूची


अधिकारी, राजन (सन् २०२०). नेपाली बालबालिकामा भाषा विकास र बहुभाषिकता. *शिक्षा,* ५(१), ७०-८५ ।

पौडेल, एस. (२०२२). नेपाली बालबालिकाको भाषा प्राप्ति प्रक्रिया : एक अवलोकन. *शैक्षिक चिन्तन, १९*(२०), ८५-९५ ।

श्रेष्ठ, एस. (सन् २०१९). बालबालिकाको भाषा विकास र शिक्षण : पियाजेको सिद्धान्तको प्रयोग नेपाल. *शिक्षाशास्त्र पत्रिका, १९(१०)*, ४०-५५ ।

Braun, V., & Clarke, V. (2006). Using thematic analysis in psychology. *Qualitative Research in Psychology*, *(3)*, 2 77–101. https://doi.org/10.1191/1478088706qp063oa

Chomsky, N. (1957). *Syntactic structures*. Mouton.

Chomsky, N. (1959). Review of B.F. Skinner's verbal behavior. *Language, 35* (1), 26–58. https://doi.org/10.2307/411334

Chomsky, N. (1965). *Aspects of the theory of syntax*. MIT Press.

Chomsky, N. (1980). *Rules and representations*. Columbia University Press.

Chomsky, N. (1986). *Knowledge of language: Its nature, origin and use*. Praeger.

Chomsky, N. (1995). *The minimalist program*. MIT Press.

Creswell, J. W. (2014). *Research design: Qualitative, quantitative and mixed methods approaches* (4th ed.). Sage Publications.

Hoff, E. (2009). *Language development* (4th ed.). Wadsworth.

Krippendorff, K. (2018). *Content analysis: An introduction to its methodology* (4th ed.). Sage Publications.

Kuhl, P. K. (2004). Early language acquisition: Cracking the speech code. *Nature Reviews Neuroscience, 5* (11), 831–843. https://doi.org/10.1038/nrn1533

Lightbown, P. M., & Spada, N. (2013). *How languages are learned* (4th ed.). Oxford University Press.

Neuman, W. L. (2014). *Social research methods: Qualitative and quantitative approaches* (7th ed.). Pearson.

Piaget, J. (1952). *The origins of intelligence in children*. International Universities Press.

Piaget, J. (1954). *The construction of reality in the child*. Basic Books.

Piaget, J. (1959). *Language and thought of the child*. Routledge.

Piaget, J. (1970). *Science of education and the psychology of the child*. Viking Press.

Skinner, B. F. (1957). *Verbal behavior*. Appleton-Century-Crofts.

Tomasello, M. (2003). *Constructing a language: A usage-based theory of language acquisition*. Harvard University Press.